आज मिति २०७५।०३।०७ गतेका दिन शिवालय गाउँपालिका गाउँ कार्यालय, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<u>तपशिल</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री टेक बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं ५ |
| श्री भक्त बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिपक बहादुर खड्का | वडा अध्यक्ष वडा नं ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सृजना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री नुमानन्द दमासे | सदस्य सचिव |

प्रस्तावहरु:

१) गाउँपालिकाका साझा योजनाहरु छनौट गरी विषयगत समितिमा पठाउने सम्बन्धमा ।

२) वडापालिकामा उठाइएको राजश्व दाखिला गर्ने सम्बन्धमा ।

३) जनता आवास कार्यक्रमका लागि घरधुरी छनौट सम्बन्धमा ।

४) जलवायु परिवर्तन कार्यक्रम (NSDP) को योजना छनोट सम्बन्धमा ।

५) विविध ।

निर्णय नं. १ प्रस्ताव नं. १ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको गाउँकार्यपालिकाको १३ औ बैठकले आ.व. २०७५।०७६ को तेश्रो गाउँसभामा लिनका लागि शिवालय गाउँपालिकाका तपशिलमा उल्लेखित महत्वपूर्ण योजनाहरु छनौट गरी विषयगत समिति बजेट तर्जुमा समिति हुँदै गाउँसभा, प्रदेश सरकार र केन्द्र सरकार समक्ष पेश गर्नका लागि सिफारिश गर्ने सर्वसम्मितबाट पारित गर्ने निर्णय गरियो ।

तपसिल

पूर्वाधारतर्फ

क. सडकतर्फ

१. छेडाकचाली सडक निर्माण आयोजना

२. बालुवा- कचाली - आले- मोर्क रिङ्गरोड निर्माण आयोजना

३. खनेटा-कचाली सडक निर्माण आयोजना

४. थाला-कचाली सडक निर्माण आयोजना

५. रिटा-ताँगा हुँदै चिउँदुवा सडक निर्माण आयोजना

६. जुँगा-नर्ने कचाली सडक निर्माण आयोजना

७. मोर्क-ढडमेला-खनेटा-कचाली सडक निर्माण आयोजना

ख. भवन तथा शहरी विकासतर्फ

१. गाउँपालिका भवन निर्माण शिवालय - ३

२. शिवालय अस्पताल निर्माण (१५ शैया को अस्पताल)

३. वालमैत्री, अपाँग तथा एकल महिलामैत्री भवनको निर्माण

४. सार्वजनिक सौचालयको निर्माण ।

ग. उर्जा लघु तथा साना जलविद्युत

१. विद्युतका केन्द्रीय लाईन विस्तार छेडा-मोर्क हुँदै शिवालय,

२. मटेला-सल्लेरी हुँदै भ्युस,

३. मोर्क-नाहाडा हुँदै बस्ने वडा

४. छहरे खोला लघु जल विद्युत आयोजना

घ. संचारतर्फ

१. स्काई नमस्ते र एनसेलको टावर निर्माण देउली- जलजला -चिनेकम्द र (सम्भाव्यता अध्ययन)

२. हाम्रो शिवालय रेडियो

आर्थिक विकास तर्फ

क. पर्यटनतर्फ

१. शिवालय-५ कुटीको जिर्णोद्वार तथा पर्यटकीय स्थल निर्माण

२. मालिका मन्दिर तथा भ्यू टावर निर्माण

३. शिवालय पार्क निर्माण

४. बिउरे चुला भ्यू टावर निर्माण ।

ख. वित्तीय क्षेत्रतर्फ

१. शिवालय गाउँपालिकामा IME स्थापना ।

सामाजिक विकासतर्फ

१. शिवालयमा आँगिक क्याम्पसको स्थापना

खानेपानी तथा सरसफाईतर्फ

१. शिवालय खानेपानी आयोजना शिवालय - ३

जनसंख्या व्यवस्थापनतर्फ

१. गरिव घरधुरी पहिचान

२. लैंगिक समानता तथा समावेशीतर्फ

- लैंगिक विभेदमा परेका तथा समाजमा पछि पारिएका व्यक्तिहरुलाई मूलप्रवाहमा ल्याउने

वातावरण तथा विपद व्यवस्थापनतर्फ

१. शिवालय डम्पिङ्गसाइट निर्माण योजना

२. जल उत्पन्न प्रकोप नियन्त्रण : मोर्क देखि जाँतखोला तटबन्धन निर्माण आयोजना

संस्थागत विकासतर्फ

१. सुरक्षा व्यवस्थापन र सुशासन प्रवर्दनका लागि सिसि टिभि क्यामेरा जडान तथा ई हाजिरीको व्यवस्था ।

अनुसन्धान तथा विकासतर्फ

- गाउँपालिकाको आवधिक योजना निर्माण

**निर्णय नं. २** प्रस्ताव नं. २ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाका सम्पूर्ण वडाहरुले असार १८ गतेसम्म उठेको राजश्व असार २० गते सम्म अनिवार्य रुपमा शिवालय गाउँपालिकाको मूल खाता नम्बर ०७५०३०००००००००४००१००६ मा अनिवार्य रुपमा दाखिला गर्नुपर्ने र गाउँपालिकाको नियन्त्रण खातामा रसिद भिडाउने निर्णय गरियो । साथै उक्त समयावधिभित्र वडामा उठेको राजश्व जम्मा नगर्ने कर्मचारीलाई शिवालय गाउँपालिका तलव दिन बाध्य हुने छैन र आवश्यक कारवाही गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ को विषयमा छलफल गर्दा जनता आवास कार्यक्रमको लागि आ.व. ०७५।०७६ मा शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय सुर्खेतको सहयोगमा निर्माण हुने घरको लागि शिवालय गाउँपालिकाको घरधुरी छनोट समितिले छनोट गरी पठाएका तपसिलमा उल्लेखित नामलाई सिफारिश गर्ने निर्णय गरियो ।

१. निमे बादी शिवालय-३
२. रमेश वादी शिवालय-३
३. मंगले वादी शिवालय-३
४. पैथोके वादी शिवालय -८
५. डिले वादी शिवालय-८
६. डब्बले वादी शिवालय-९
७. टोपे वादी शिवालय-९
८. कविलाल वादी शिवालय-९
९. सुकिलाल वादी शिवालय -९
१०. पुर्णे वादी शिवालय-१
११. मैमी दमाई शिवालय-१
१२. देव बहादुर दमाई शिवालय-२
१३. बुदी कामी शिवालय -३
१४. देवीसरा कामी शिवालय-४

१५. प्रेम बहादुर दमाई- शिवालय-५

१६. कला विक शिवालय-६

१७. रति दमाई शिवालय-७

१८. पर्से दमाई शिवालय-८

१९. देवी कामी शिवालय-९

२०. तेजे वादी -शिवालय-८

२१. रातो कामी शिवालय-८

२२. चैते सार्की शिवालय-५

२३. सुके सुनार शिवालय-४

२४. तुल सिङ्ग कामी शिवालय-८

२५. दिपक परियार शिवालय-५

निर्णय नं. ४ प्रस्ताव नं. ४ मा जलवायु परिवर्तन कार्यक्रम (NSDP) को योजना छनोटका लागि छलफल सम्बन्धमा तपसिल बमोजिमका आयोजनाहरु छनोट गरी निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

तपसिल

१. मोर्कखोला देखि जाँतखोलासम्म तटबन्ध निर्माण ।

२. पाल्तेयाईनाउ खानेपानी आयोजना शिवालय-९ ।

३. कल्याणदेखि चिउँदवा सडक स्तरोन्नोती ।

४. ऐरेली टाटके सिँचाई कुलो मर्मत शिवालय-३ ।

५. रोकायाजात खानेपानी आयोजना ।

६. तिमारे सिंचाई कुलो मर्मत शिवालय-६

निर्णय नं. ५ प्रस्ताव नं. ५ मा अन्य विषयमा छलफल गर्नु नपर्ने भएको आजको वैठक समापन गरियो ।

प्रशासकीय अधिकृत